मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : २३४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८१ असार २६ गते बुधबार (Wednesday, 10 July 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु : ५/- भारतमा भारु :

नौबिसे-मलेखु सडक १५ दिन बन्द

चितवन, असार २५। पृथ्वी राजमार्ग अन्तर्गत नौबिसे-मलेखु खण्ड १५ दिनसम्म राति बन्द हुने भएको छ।

नागढुंगा-मुग्लिङ सडक आयोजना (पूर्वी खण्ड) ले सूचना प्रकाशित गर्दै यो सडक खण्ड २६ असारबाट राति बन्द गर्न लागिएको जनाएको छ। सडक राति १० देखि बिहान ३ बजेसम्म बन्द हुने आयोजनाले जनाएको छ।

उक्त सडक खण्डमा पर्ने गणेश खोला, डाङडुङ खोला, खेस्टे खोला र पोखरा खोलाका पुलको संरचनामा काम गर्ने गरी सडक बन्द गर्न लागिएको आयोजनाले जनाएको छ।

जहाँ 'गर्डर लन्चिङ' को काम गर्न लागिएको आयोजनाको भनाइ छ।

५८४ वटा म्यानपावर कम्पनी खारेज

झापा, असार २५ । वैदेशिक रोजगार ऐन विपरीत काम गर्ने ५८४ वटा म्यानपावर कम्पनी खारेज तथा कारोबार रोक्का गरिएको छ। वैदेशिक रोजगार विभागले एकै पटक ५८४ कम्पनीको कारोवार रोक्का गरेको हो।

वैदेशिक रोजगार विभागमा दर्ता भई इजाजत पत्र लिएका तर, वैदेशिक रोजगार ऐन विपरीत काम गर्ने म्यानपावर कम्पनी विभागले खारेज तथा कारोबार रोक्का गरेको जनाएको छ।

वैदेशिक रोजगार ऐनमा म्यानपावर कम्पनीले स्वीकृति नलिई कामदार पठाएका, नाबालिगलाई वैदेशिक रोजगारमा पठाएका, सरकारले खुला नगरेका मुलुकमा कामदार पठाएका, लिखत वा प्रतिवेदन लुकाएमा वा हेरफेर गरेका कम्पनी खारेज तथा कारोबार रोक्का गरिएको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए।

उनका अनुसार अनुमतिबिना शाखा कार्यालय खोलेका, विज्ञापन प्रकाशन नगरेका, छनौट सूची प्रकाशन नगरेका, रकम फिर्ता गर्न वा क्षतिपूर्ति दिन इन्कार गरेका पनि खारेज तथा कारोबार रोक्कामा परेका छन्।

यस्तै व्यक्तिगत रूपमा कामदार पठाएका, प्रवेशाज्ञा शुल्क, सेवा शुल्क तथा प्रवर्द्धन खर्च बढी लिएका, आदेश वा निर्देशन पालना नगरेका, करार विपरीत कार्य गरेकालाई म्यानपावर कम्पनीको खाता रोक्कादेखि इजाजत पत्र खारेज गर्नेसम्मको कारबाही गरिएको विभागले जनाएको छ।

खारेज तथा खाता रोक्कामा पर्नेमा पहिलो नम्बरमा ए वन ओभरसिज प्रालि रहेको छ भने अन्तिम तथा ५८४ नम्बरमा जेनिथ प्रोग्रेसिभ प्रालि रहेको छ। यसरी खारेज भएका तथा करोबार रोक्का भएका म्यानपावर कम्पनीले वैदेशिक रोजगारीमा पठाउने

सम्बन्धी कार्य गर्न नपाउने महानिर्देशक घिमिरेले बताए।

नेपाली कामदारलाई वैदेशिक रोजगारीमा पठाउनका लागि १ हजार छ सय चार वटा म्यानपावर कम्पनी वैदेशिक रोजगार विभागमा दर्ता भएका छन्। विभागकै तथ्यांक अनुसार अहिले इजाजत पत्र प्राप्त गरेका म्यानपावरमध्ये नौ सय ८२ म्यानपावर कम्पनी मात्रै कानूनी रूपमा सक्रिय रहेका छन्।

यसैबीच बैदेशिक रोजगार बिभागले फ्रि भिसा, फ्रि टिकट अर्थात शून्य लागतमा कामदार पठाएको विवरण पठाएका म्यानपावर कम्पनीहरूले कुनै रकम लिएको भए उजुरी दिन आग्रह गरेको छ।

करिव दुई दर्जन म्यानपावर कम्पनीले चालू आर्थिक वर्षमा फ्रि भिसा, फ्रि टिकट अर्थात शून्य लागतमा कामदार वैदेशिक रोजगारमा पठाएको विवरण सार्वजनिक गर्दै बिभागले रकम लिएको भए उजुरी दिन आग्रह गरेको हो। दुई दर्जन म्यानपावर कम्पनीले मात्र बिभागलाई फ्रि भिसा, फ्रि टिकट बिवरण समयसीमा भन्दा अगाडि नै विभागलाई पठाएका छन्। विभागले फ्रि भिसा, फ्रि टिकटमा कामदार पठाएको विवरण साउन १ गतेभित्र बुझाउन गत असार १७ गते सूचना प्रकाशित गरेको थियो।

विभागले म्यानपावर कम्पनीसँग फ्रि भिसा, फ्रि टिकटअन्तर्गत पठाएको श्रम गन्तव्य मुलुक, रोजगारदाता कम्पनीको संस्था, कामदारको नाम, उनीहरूको नेपालको सम्पर्क नम्बर, काम, तलबलगायतका विवरण पठाउन भनेको थियो।

विभागले दिएको समयसीमा भन्दा एक हप्ताअघि नै विवरण पठाउने म्यानपावर कम्पनीहरू करिव दुई दर्जन रहेको जनाएको छ। अघिल्ला वर्षहरूमा १६ देखि १८ हजार नेपाली फ्रि भिसा, फ्रि टिकटमा वैदेशिक रोजगारमा गएको आंकलन छ। व्यवसायीले विवरण पठाएपछि चालू आर्थिक वर्षमा फ्रि भिसा, फ्रि टिकटको पछिल्लो चित्र स्पष्ट हुनेछ।

फ्रि भिसा, फ्रि टिकटको डिमाण्डमा कामदार पठाएको भएपनि कतिपय म्यानपावर कम्पनीले एजेन्ट र बिचौलिया परिचालन गरेर बिगतमा जस्तै ठूलो रकम लिएको आशंका वैदेशिक रोजगार विभाग र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले गरेको छ।

तत्कालीन श्रम राज्यमन्त्री टेकबहादुर गुरुङको कार्यकालमा २०७२ सालमा फ्रि भिसा, फ्रि टिकटको व्यवस्था आएको हो। वैदेशिक रोजगार व्यवसायी संघले उक्त निर्णयमा केबल ४ प्रतिशत मात्रै नेपाली कामदार गएको र केही कामदार उक्त निर्णय आउनु अगाडिदेखि नै फ्रि भिसा, फ्रि टिकटमा गएकाले बिना अध्ययन अनुसन्धान सस्तो लोकप्रियताका लागि आएको निर्णय भनि विरोध गर्दै आएको छ।

पूर्वी नेपालमा मनसुन फेरि सक्रिय

बिर्तामोड असार २५ । पूर्वी नेपालमा मनसुन फेरि सक्रिय भएको छ। सोमवारदेखिको अविरल वर्षाका कारण झापा, मोरङ र सुनसरीका अधिकांश स्थान जलमग्न भएका छन्।

गत दुई दिन पश्चिम नेपालमा सक्रिय रहेको मनसुन पूर्वी नेपालमा पुनः सक्रिय रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। झापा, मोरङ र सुनसरीका केही स्थानमा रातिदेखि नै अत्यधिक वर्षा भइरहेको छ। सुनसरीको चतरा, धरान इटहरी, मोरङको केराबारी, लेटाङ, सुन्दरहरैंचामा भारी वर्षा भइरहेको मौसम विभागले जनाएको छ।

ती क्षेत्रका नदी तथा खोलामा पनि पानीको सतह खतराभन्दा माथि पुगेको छ। सुनसरीको सेउती, सर्दू, टेङ्गा र बुढी खोलामा ठूलो बाढी आएको छ। धरान-विराटनगर सडक खण्डका ठाउँ-ठाउँमा खोलाको पानी सडकमा पसेको छ। बाढीका कारण सुनसरी मोरङ औद्योगिक करिडोरका एक दर्जन उद्योग डुबानमा परेका छन्। बाढीका कारण केही उद्योगसमेत बन्द भएका छन्।

बाढीका कारण ५१ घर प्रभावित

सानोमाई खोलामा आएको बाढीका कारण ५१ घर परिवार विस्थापित भएको बताइएको छ। अविरल वर्षाका कारण गौरीगञ्ज र झापा गाउँपालिका वडा न. -१ को सीमाना टप्पुस्थित माईखोलाको पानीको बहाव बढेर डुबान हुँदा झापा गाउँपालिका -२ सुगाबथान बस्तीका बासिन्दा प्रभावित भएका छन्। बस्तीमा पानी पसेर अढाई फिटमाथि पानी जमेको थियो।

यता झापा गाउँपालिका -२ स्थित कुवाडी गाउँमा समेत पानी पसेर जलमग्न भएको छ।

(बाँकी अन्तिम पृष्ठमा)

हात्तीको आक्रमणमा सदस्य गुमाएका परिवारलाई राहत

बिर्तामोड, असार २५ । मेचीनगर नगरपालिका -४ वडा कार्यालयले हात्तीको आक्रमणमा परी मृत्यु भएका चार परिवारलाई राहत प्रदान गरेको छ। कार्यालयले प्रतिपरिवार १२ हजार रुपैयाँका दरले राहत प्रदान गरेको हो। प्रेम बराल, शम्भु थापा, रणबहादुर दियाली र मनोरथ ढुङ्गेलको परिवारलाई १२ हजाका दरले राहत हस्तान्तरण गरिएको वडाध्यक्ष अर्जुन कार्कीले बताए। बारम्बार प्रयास गर्दा पनि नियमानुसार सरकारले गराउने राहत उपलब्ध गराउन विलम्ब गरेपछि वडाकै बजेटबाट उनीहरूलाई राहत प्रदान गरिएको हो।

परिवारका सदस्य पनि अनाहकमा गुमाउँदा समेत सरकारले कानमा तेल हालेपछि पीडितको घाउमा मल्हमपट्टि गर्ने काम वडाले गरेको वडाध्यक्ष कार्कीको भनाइ छ। आफन्त गुमाएका परिवारका सदस्यलाई रकम हस्तान्तरण गरिएको र थप राहतका लागि निरन्तर

(बाँकी अन्तिम पृष्ठमा)

यातायातका उपसचिवसहित १५ जनाविरुद्ध मुद्दा दायर

बिर्तामोड, असार २५। यातायात व्यवस्था कार्यालयका उपसचिवसहित १५ जना विरुद्ध मुद्दा दायर भएको छ।

फर्जी विवरण राखेर नक्कली लाइसेन्स विवतरण गरेको आरोपमा यातायात व्यवस्था विभागका उपसचिवसहित १५ जनाविरुद्ध मुद्दा दायर भएको हो।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)को अनुसन्धानपछि जिल्ला सरकारी वकिल कार्यालयले काठमाडौं जिल्ला अदालतमा लिखतसम्बन्धी कसूरमा मुद्दा दायर गरेको हो।

यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र बुटवल कार्यालय प्रमुख उपसचिव केशव अर्याल, तत्कालीन कम्प्युटर अपरेटरहरु लक्ष्मण पाण्डे, ज्ञानराज पाण्डे, नारायणप्रसाद पाण्डे र पदमराज आचार्य, सहायक पाँचौं सुवास पौडेलविरुद्ध अभियोग दर्ता भएको छ।

त्यस्तै यातायात व्यवस्था कार्यालय कावासोती नवलपरासीका तत्कालीन कम्प्युटर अधिकृत रामकृष्ण श्रेष्ठ,

यातायात व्यवस्था कार्यालय कास्कीका कम्प्युटर अपरेटर विनोद भण्डारी, यातायात व्यवस्था कार्यालय चितवनका सहायक चौथो राजेश लम्साल, यातायात व्यवस्था कार्यालय झापाका कम्प्युटर अपरेटर विवेक भण्डारी र यातायात व्यवस्था कार्यालय धनुषाका कम्प्युटर अपरेटर दिलीपकुमार शाहविरुद्ध अभियोग दायर भएको छ।

ढड्डामार्फत वितरण हुँदै आएको सवारी चालक अनुमतिपत्रको रेकर्ड इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स प्रणालीमा सार्ने क्रममा अर्कै विवरण राखेर उनीहरुले नक्कली लाइसेन्स वितरण गरेको दाबी गरिएको छ। त्यसबापत सरकारी कर्मचारीसमेतको मिलेमतोमा मोटो रकम लिइएको अनुसन्धानबाट खुलेको छ।

आरोपीमध्ये ६ जनामात्र पक्राउ परेका छन्। आरोपीहरुलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अनुसन्धान गर्न पत्राचार गरिएको छ। अनुसन्धानका क्रममा उनीहरुले करिब ३०० वटा नक्कली लाइसेन्स वितरण गरेको पाइएको थियो।

छोरासहित हराएकी महिला भुटानमा बन्दी

काठमाडौं, असार २५। बाँके जिल्लाको बैद्यनाथ गाउँपालिका-७ बाट गएको वैशाख ५ मा छोरासहित हराएकी एक महिला भुटानमा बन्दी भएको खुलेको छ। माइत जान्छु भनेर चार वर्षीय छोरासहित घरबाट हिँडेकी गणेश ठकुरीकी श्रीमती भुटानमा बेचिएको र बन्दी भएको खुलेको हो।

रोजगारीका लागि भारतमा रहेका ठकुरी श्रीमती हराएको चार दिनमै नेपाल फर्केर सोधिखोजीमा लागेका थिए। खोजी गर्दा पनि श्रीमती सम्पर्कमा नआएको र पछि नेपालगञ्जकी रमिला विक नाम गरेकी एक महिलाले ३० हजार भारतीय रुपैयाँमा बेचबिखन गरेको थाहा पाएको उनको भनाइ छ।

भुटानमा गाडी चलाउने नेपाली चालक सुरज विकमार्फत खबर पाएपछि मात्रै भुटानमा बेचिएकोबारे थाहा भएको गणेशको भनाइ छ। सामाजिक सञ्जालमा राखिएको तस्बिरअनुसार सोधीखोजी गर्दा ठेगाना र नामसमेत मिलेको भनेर विकले आफूलाई जानकारी गराएको गणेशले बताए।

जतिसक्दो चाँडो उद्दारका लागि पहिल गरिदिन प्रहरी प्रशासनमा अनुरोध गरेको उनले बताए।

वडाअध्यक्ष दिनेशकुमार थारुले उद्धारका लागि वडा र पालिकामा जानकारी आएको र लगत्तै खोजीका लागि चारैतिर पहल गरिरहेको बताए। प्रहरी र पालिकाको वैदेशिक रोजगार शाखामार्फत समन्वय भइरहेको उनले बताए।

अहिले भुटानमा रहेको निश्चित भएसँगै जतिसक्दो छिटो नेपाल झिकाउने प्रयास भइरहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ।

खड्काद्वारा पशुपतिका १४ विद्यार्थीको अभिभावकत्व ग्रहण

बिर्तामोड, असार २५ । नेपालको पहिलो कम्पनी फुटबल क्लब झापा एफसीका अध्यक्ष अर्पण खड्काले झापाको बाह्रदशीस्थित आफूले अध्ययन गरेको एक विद्यालयका १४ जना विद्यार्थीको अभिभावकत्व ग्रहण गरेका छन्।

कतारमा फूलको व्यावसाय गर्दै आएका खड्काले लीलामाया खड्का आदर्श फाउन्डेसनमार्फत राजगढमा रहेको पशुपति माविमा अध्ययनरत् १४ जना विपन्न विद्यार्थीको अभिभावकत्व ग्रहण गरेका हुन्।

विद्यालयमा आयोजित एक कार्यक्रमका बीच खड्काको परिवारले १४ जना विद्यार्थीलाई कक्षा १२ सम्मको सम्पूर्ण शैक्षिक खर्च व्होर्ने गरी अभिभावकत्व लिएको विद्यालयका प्रधानाध्यापक थीरकुमार दाहालले जानकारी दिए।

खड्काले कक्षा १ देखि ८ सम्म पढ्ने दलित, आदिवासी, सीमान्तकृत तथा विपन्न विद्यार्थीको अध्ययनमा सहयोग गर्नेछन्। उनले ती विद्यार्थीलाई शैक्षिक सामग्रीसमेत हस्तान्तरण गरेका थिए।

स्वास्थ्य संस्थालाई कारवाही गरिने

हल्दिवारी, असार २५ । हल्दीबारी गाउँपालिका क्षेत्रभित्र बिना दर्ता तथा स्वीकृत बिना अवैधानिक रुपमा सञ्चालनमा रहेका स्वास्थ्य संस्था तथा ब्यावसायलाई कारवाही गरिने भएको छ।

झापाको हल्दीबारी गाउँपालिकाभित्र दर्ताबिना सञ्चालनमा रहेको औषधि पसल, फार्मेसी, क्लिनिक, अस्पताल साथै विभिन्न व्यावसायहरु नियमानुसार मापदण्ड पूरा गरी सम्बन्धित निकायमा दर्ता, स्वीकृत भएपछि मात्र सञ्चालन गर्न पालिकाले भनेको छ।

पालिकाभित्र कतिपय स्वास्थ्य सेवा, संघ, संस्था, फार्मेसी र क्लिनिकहरु सम्बन्धित निकायमा दर्ता/स्वीकृत नभई सञ्चालन भइरहेको जनगुनासो प्राप्त भएको भन्दै त्यस्ता संस्थाप्रति पालिकाको गम्भीर ध्यानाकर्षण भएको हो। जनताको स्वास्थ्यमा प्रत्यक्ष खेलवाड गर्ने त्यस्ता कुनैपनि गतिविधि नगर्न र दर्ता स्वीकृति नभई कुनैपनि व्यवसाय सञ्चालन नगर्न पालिकाले १५ दिने सूचना जारी गरेको बताइएको छ।

सम्बन्धित निकायमा दर्ता/स्वीकृत नभई सञ्चालन भएको व्यावसाय गैर कानूनी भएकाले फर्म व्यवसाय सेवाको प्रकृति अनुसार १५ दिनभित्र तोकिएको मापदण्ड पूरा गरी सम्बन्धित निकाय तथा पालिकाको कार्यालयमा दर्ता, स्वीकृति, नवीकरण लगायत अध्यावधिक हुन सूचित गरिन्छ - पालिकाद्धारा जारी सूचनामा भनिएको छ।

नियम विपरीत त्यस्ता कार्य गरेको गराइको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत

(बाँकी अन्तिम पृष्ठमा)

केटीको विषयमा विवाद हुँदा .....

विराटनगर, असार २५। केटीको विषयमा विवाद हुँदा विराटनगरमा दुई पक्षबीच 'ग्याङ फाइट' भएको छ। ग्याङ फाइटमा मोरङको कटहरी गाउँपालिका -१ जमटोकीका २१ वर्षीय करण कामतको हत्या भएको बताइएको छ।

केटीको विषयलाई लिएर अघिल्लो दिन दुई पक्षबीच विवाद र भोलिपल्ट 'ग्याङ फाइट' हुँदा कामतको ज्यान गएको प्रहरीको प्रारम्भिक अनुसन्धानमा खुलेको प्रहरीले जनाएको छ । विराटनगर महानगरपालिका-२ स्थित नेपाल टेलिकम नजिक सेन्ट जोसेफ मोडमा सोमबार राति १० बजेतिर दुई पक्षबीच 'ग्याङ फाइट' भएको मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतले बताए।

उनका अनुसार घटनामा गम्भीर घाइते भएका कामतको उपचारका क्रममा विराटनगरको कोशी अस्पतालमा मृत्यु भएको हो। कामतको छाती र कम्मरको भागमा धारिलो हतियारले घोपेको चोट थियो। घटनामा कटहरी-१ जमटोकीका २२ वर्षीय विक्रम मण्डल र १७ वर्षीय अमन राय घाइते भएका छन्।

नोवेल अस्पतालमा उपचाररत मध्ये रायको अवस्था गम्भीर र मण्डलको मध्यम रहेको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार तीन जनालाई नै घाइते अवस्थामा फेला पारेर बाटोमा हिँड्दै गरेकाहरुले उपचारका लागि कोशी अस्पताल लगेका थिए।घटनामा संलग्न ४ जना पक्राउ परेका छन्। पक्राउ परेकाहरुमाथि सोधपुछ भइरहेको र थप अनुसन्धानको प्रक्रिया अघि बढाइएको डीएसपी बस्नेतले बताए। उनका अनुसार घटनाको अनुसन्धानकै क्रममा युवकको हत्या हुनुको कारण 'ग्याङ फाइट' भएको खुलेको हो।

बस्नेतले घटनामा संलग्न विराटनगर-११ घर भइ विराटनगर-२ स्थित विराट नर्सिङ होम अगाडि डेरा गरेर बस्दै आएका २० वर्षीय सोनु गिरी, ताप्लेजुङको दोखू घर भई नर्सिङ होमअगाडि डेरा बस्दै आएका १८ वर्षीय सन्तोष भनिने निमदावा शेर्पा, भोजपुरको भुल्के घर भई सोही स्थानमा बस्ने २० वर्षीय सञ्जय गिरी र मोरङको रंगेली घर भई विराटनगर-२ स्थित सनीहाटमा बस्दै आएका १६ वर्षीय बालकलाई पक्राउ गरिएको बताए। 'ग्याङ फाइट'का क्रममा घटनामा संलग्नमध्ये शेर्पाले मृतक र घाइतेलाई कैंचीले जथाभावी प्रहार गरेको थाहा भएको उनको भनाइ छ। उनका अनुसार घटनामा प्रयोग गरिएको कैंची विराट नर्सिङ होमअगाडिको गोलबजार फार्मेसीबाट बरामद भएको छ। शेर्पा र पुरी नर्सिङ होमअगाडिको फार्मेसी (औषधि पसल)मा काम गर्थे। घटनामा संलग्नलाई उनीहरु बस्दै आएको स्थानबाट मंगलबार बिहान पक्राउ गरिएको बस्नेतले बताए।

प्रहरीका अनुसार केटीको विषयलाई लिएर दुई पक्षबीच गत आइतबार साँझ घटनास्थल नजिक विवाद भएको पाइएको छ। मृतक र घाइते पक्षका युवाहरुले पीडक पक्षका केटीलाई जिस्क्याएको विषयमा भएको विवादले भोलिपल्ट 'ग्याङ फाइट' र हत्याको रूप लिएको प्रहरीको भनाइ छ।

प्रहरीका अनुसार विवादपछि रिसईबी साँधेर बसेको मृतक र घाइते पक्षका १२/१३ जनाको समूहले बाटो ढुकेर पीडक पक्षका युवाहरुलाई शुरुमा आक्रमण गरेको अनुसन्धानका क्रममा खुलेको डीएसपी बस्नेतले बताए। पीडक पक्षका युवाहरुले पनि काम सकेर घुम्न निस्किएका बेला आफूहरुमाथि बाटो ढुकेर बसेको समूहले शुरुमा आक्रमण गरेको प्रहरीलाई बताएको छ। आक्रमण हुन थालेपछि प्रतिकार गर्दा ज्यानै जानेसम्मको दुःखद् घटना भएको देखिन्छ - प्रहरी स्रोतले भन्यो - केटीको विवादलाई लिएर दुई पक्षबीच 'ग्याङ फाइट' हुँदा मानवीय क्षति भयो पाइयो। 'ग्याङ फाइट'का क्रममा दोहोरो हानाहान हुँदा पक्राउ परेंमध्ये शेर्पाले साथमा बोकेको कैंची निकालेर अर्को पक्षकालाई जथाभावी प्रहार गरेको प्रहरीले जनाएको छ।

घटनाका सम्बन्धमा थप अनुसन्धान शुरु गरिएको र घटनामा संलग्नविरुद्ध कर्तव्य ज्यान मुद्दा चलाउने तयारी भइरहेको डीएसपी बस्नेतले बताए। घटनामा अरु पनि संलग्न छन् कि भनेर विस्तृतमा अनुसन्धान अघि बढाइएको उनको भनाइ छ। घटनास्थलमा एउटा मोबाइल फेला परेको थियो। त्यही मोबाइलका आधारमा घटनामा संलग्नलाई पक्राउ गर्न प्रहरी सफल भएको बस्नेतले बताए।

तीन लाख भारु नगदसहित दुई जना पक्राउ

विराटनगर , असार २५ । विराटनगरबाट प्रतिबन्धित भारतीय नोटसहित भारतीय र नेपाली नागरिकलाई सशस्त्र प्रहरीले पक्राउ गरेको छ।

पक्राउ परेकाका उनीहरुको साथबाट भारतीय तीन लाख १७ हजार रूपैयाँ सशस्त्र प्रहरीले बरामद गरेको हो।

भारतको जोगबनीबाट विराटनगर महानगरपालिका-१७ मटेरुवा हुँदै नेपाल प्रवेश गरेका विराटनगर-७ का २४ वर्षीय रोनक अग्रवाल सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म रानीबाट खटिएको टोलीले पक्राउ गरेको हो। अग्रवाल प्रदेश १-०२-०५१ प १९३९ नम्बरको मोटरसाइकलमा सवार रहेका थिए। मोटरसाइकलमा शंकास्प्रद हिसाबले नेपालतर्फ आउँदै गरेका उनलाई नियन्त्रणमा लिएर चेकजाँच गर्दा उनको साथबाट प्रतिबन्धित भारतीय नोट बरामद भएको सशस्त्र प्रहरी बल मोरङका निमित्त प्रमुख डीएसपी लोकनाथ उप्रेतीले जानकारी दिए। उनका अनुसार अग्रवालको साथबाट ५ सय दरका ४ सयवटा भारतीय नोट बरामद भएको छ। प्रतिबन्धित नोट र मोटरसाइकलसहित पक्राउ परेका अग्रवाललाई सशस्त्र प्रहरीले आवश्यक अनुसन्धानका लागि इलाका प्रहरी कार्यालय रानीमा बुझाएको छ। नेपालमा ५ सयमाथिका भारतीय नोट प्रतिबन्धित छ।

त्यस्तै, प्रतिबन्धित भारतीय नोटसहित नेपाल प्रवेश गरेका भारतीय नागरिक विराटनगर- १५ स्थित २ नम्बर ढाटबाट पक्राउ परेका छन्। भारतको भागलपुर सोनापट्टीका ३६ वर्षीय गौतमकुमार केडियालाई भारतीय एक लाख १७ हजार चार सय ४४ रूपैयाँसहित पक्राउ गरिएको डीएसपी उप्रेतीले बताए।

उनका अनुसार जोगबनीबाट पैदल नेपालतर्फ आउँदै गर्दा केडियालाई पक्राउ गरिएको हो। केडियाको साथबाट विभिन्न दरका भारतीय नोटहरु फेला परेका छन्। पाँच सय दरका एक सय ८१, दुई सय दरका ६०, सय दरका एक सय १५, ५० दरका ४० थान, २० दरका ३६ र १० दरका ४० थान भारतीय नोट बरामद गरिएको उप्रेतीको भनाइ छ।

उनका अनुसार भारतीय सिक्काहरु समेत बरामद गरिएको छ। केडियालाई थप अनुसन्धानका लागि नेपाल प्रहरीको जिम्मा लगाइएको सशस्त्रले जनाएको छ। पक्राउ परेका अग्रवाल र केडियाको साथबाट बरामद भएको रकम अवैध हुण्डी कारोबारको हुनसक्ने प्रहरीको अनुमान रहेको छ।

दुवैजनालाई आवश्यक अनुसन्धान र कारबाहीको प्रक्रिया अघि बढाउन राजस्व अनुसन्धान कार्यालय इटहरीमा बुझाउने तयारी भइरहेको प्रहरीले जनाएको छ।

कांग्रेस नेता श्रेष्ठलाई पितृ शोक

बिर्तामोड, असार २५ । नेपाली कांग्रेसका नेता किरण श्रेष्ठलाई पितृ शोक परेको छ। झापा क्षेत्र नम्बर -२ का प्रदेश (ख) सभापति एवम् बिर्तामोड उद्योग वाणिज्य संघका पूर्व महासचिव श्रेष्ठका पिता रुद्रमान श्रेष्ठको निधन भएको हो।

अर्जुनधारा नगरपालिका -५ मा बसोबास गर्दै आएका रुद्रमानको असार २५ गते निवासमा निधन भएको र सामाजिक परम्परा अनुसार कनकाई माईमा अन्त्येष्टी गरिएको पारिवारिक श्रोतले जनाएको छ।

स्व. श्रेष्ठका दुई श्रीमती हुन्। जसमा स्व. रत्नमाया र कुमारी श्रेष्ठ हुन्। विक्रम संवत् १९९१ श्रावण महिनामा जन्मिएका श्रेष्ठका चार छोराहरू मध्ये किरण श्रेष्ठ कान्छा छोरा हुन। त्यस्तै जेठो र माइला छोराहरू पूर्व प्रहरी हुन भने तीन छोरी रहेका छन्। उनका जेठा छोरा रामप्रकाश सशस्त्र प्रहरीका पूर्व

डिआईजी हुन् भने माइला छोरा रोशन सशस्त्र प्रहरीका पूर्व एसपी हुन्।

श्रेष्ठका छोरा बुहारीहरुमा राम प्रकाश - सुनिता, रोशन- अञ्जु र किरण-ममता ध्रुब- सुन्दरी श्रेष्ठ रहेका छन्। त्यस्तै छोरीज्वाँइहरुमा मिलन- ज्ञानु श्रेष्ठ, तनैंचा - दिलकुमार श्रेष्ठ र चिनैंचा– बलराम श्रेष्ठ रहेका छन्।

प्रहरीले मोबाइल तथा इन्टरनेट प्रयोगकर्ताको विवरण हेर्ने

झापा, असार २५ । सरकारले जुनसुकै मोबाइल तथा इन्टरनेट प्रयोगकर्ताको विवरणमा प्रहरीको पहुँच रहन सक्ने गरी नयाँ कानून बनाउन थालेको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सार्वजनिक गरेको दूरसञ्चार विधेयक मस्यौदामा दूरसञ्चार सेवा प्रदायक कम्पनीको प्रणालीमा प्रहरीलाई सोझै पहुँच दिलाउने व्यवस्था राखेको हो।

विधेयक मस्यौदाको दफा ८३ मा सेवा प्रदायकको प्रणालीमा सोझै पहुँच सम्बन्धी व्यवस्था राखिएको छ। जसमा भनिएको छ, -नेपालको सार्वभौमसत्ता, अखण्डता एवम् राष्ट्रिय हित विपरीत तथा राज्यद्रोह, अपराध वा संगठित अपराध वा फौजदारी अपराध गरेको विषयमा नेपाल सरकारको अधिकार प्राप्त अनुसन्धान गर्ने निकायले सम्बन्धित व्यक्तिको पहिचान खुल्ने तथा सेवा सम्बन्धी अन्य सम्पूर्ण विवरणहरू अनुसन्धानको लागि सेवा प्रदायकबाट प्राप्त गर्न सक्ने उल्लेख छ।

यसका लागि उपयुक्त प्रविधिको प्रयोग गरी प्रहरीले सेवा प्रदायकको प्रणालीमा सोझै पहुँच पाउने गरी संयन्त्र जडान गर्न र सूचनामा पहुँच पाउने व्यवस्था दुरुपयोग नहुने गरी तोकिए बमोजिम हुने भनिएको छ। तर कुनै प्रयोगकर्ताको सञ्चार सम्पर्क निष्क्रिय गर्न वा टेलिफोन तथा सञ्चार विवरण माग गर्ने सम्बन्धी अन्य दफामा भने अनुसन्धान अधिकारीलाई मुद्दा हेर्ने अधिकारी अर्थात् अदालतको अनुमति आवश्यक पर्ने व्यवस्थाहरू राखिएका छन्।

टिकटकले हटायो १६ करोड भिडियो

बिर्तामोड, असार २५। टिकटकले सन् २०२४ को पहिलो त्रैमासिकका महत्वपूर्ण नयाँ डाटा पोइन्ट र ट्रेण्डहरूलाई समेटेर एवम् ग्लोबल कम्युनिटीका लागि सुरक्षित वातावरण निर्माण गर्ने आफ्नो प्लेटफर्मको भावना अनुसार पछिल्लो क्यूवान २०२४ कम्युनिटी गाइडलाइन्स एन्फोर्समेन्ट रिपोर्ट प्रकाशित गरेको छ।

टिकटकले क्यूवान २०२४ मा संसारभरबाट आफ्नो प्लेटफर्ममा अपलोड भएका १६, ६९, ९७, ३०७ भिडियोहरू हटाएको छ जुन अपलोड गरिएका भिडियोहरूको लगभग ०.९ प्रतिशत हो। यी मध्येको एक महत्वपूर्ण हिस्सा १२, ९३, ३५, ७९३ भिडियोहरू अटोमेटेड डिटेक्सन प्रविधिहरू मार्फत् पहिचान गरी हटाइएको थियो भने ६०,४२,२८७ भिडियोहरू थप समीक्षापछि पुनःस्थापित गरिएको टिकटकले आफ्नो टिपोटमा



उल्लेख गरेको छ।

यसका साथै टिकटकले आफ्नो कम्युनिटी गाइडलाइनहरू उल्लङ्घन गरेको आधारमा पहिलो क्वार्टरमा ९७, ६४, ७९, ९४६ भिडियो कमेन्टहरू पनि हटाएको छ। यो सङ्ख्या त्यस अवधिमा प्रकाशित कूल भिडियो कमेन्टहरूको १.६ प्रतिशत हो। त्यस अवधिमा क्रियटरहरूले आफ्ना भिडियोहरूबाट ३, ३८, १६, ४६, ७२२ कमेन्टहरू फिल्टर गर्न वा हटाउनका लागि उनीहरूको एक्स्टेन्सिभ कमेन्ट सेफ्टी टुलहरूको पनि प्रयोग गरेका थिए।

उन्नत टेक्नोलोजी र मानवीय निगरानीको फाइदा उठाउँदै टिकटक आफ्नो गाइडलाइन्स विपरीतका कन्टेन्टहरू पहिचान गर्न, रीभीउ गर्न र अड्रेस गर्न प्रतिबद्ध रहन्छ। कम्युनिटी गाइडलाइन एन्फोर्समेन्ट रिपोर्टको आवधिक प्रकाशनले पूर्ण पारदर्शिताप्रति टिकटकको प्रतिबद्धतालाई चित्रण गर्दै कन्टेन्ट र अकाउन्टका कार्यहरूको मापन र प्रकृतिमा इनसाइटहरू समेत प्रदान गर्ने टिकटकले बताएको छ।

यसबाहेक टिकटकले अनलाइन बाल यौन दुर्व्यवहार र शोषण र बाल यौन दुर्व्यवहार सामाग्रीको आदानप्रदान विरुद्ध लड्न आफ्नो प्रयासहरूमा एक नयाँ स्ट्यान्ड-अलोन रिपोर्ट पनि लन्च गर्दैछ। यसले प्लेटफर्मलाई बालबालिकालाई हानी गर्न खोज्नेहरूको पहुँचबाट जोगाउने टिकटकको विश्वास छ।

रास्वपाले महामन्त्रीबाट ढकाललाई हटायो

काठमाडौं, असार २५। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी महामन्त्री मुकुल ढकाललाई पदबाट हटाएको छ।

पार्टी केन्द्रीय समितिको मंगलवारको बैठकले पार्टी अनुशासन समितिको सिफारिसमा पार्टी केन्द्रीय सदस्य, प्रवक्ता र महामन्त्री पदबाट उनलाई हटाएको हो। उनलाई सर्वसम्मतिबाट पदमुक्त गरिएका कार्यवाहक प्रवक्ता मनिष झाले बताए। उनको साधारण सदस्यता मात्र कायम गरिएको छ।

पार्टी अध्यक्ष एवम् उपप्रधानमन्त्री रवि लामिछानेको अध्यक्षतामा बसेको बैठकले ढकाललाई केन्द्रीय समितिको निर्णयप्रति असहमत भएमा पुनरावेदन गर्नसक्ने निर्णय गरेको छ। रास्वपाले पुनरावलोकन समिति सहमहामन्त्री विपीन आचार्यको संयोजकत्वमा गठन गरेको छ।

सहकारीका समस्या बारे छलफल

काठमाडौं, असार २५। प्रतिनिधिसभा, सहकारी संस्था बचत रकम दुरुपयोग सम्बन्धमा गठित संसदीय छानबिन विशेष समितिले संसद्ले दिएको कार्यादेशअनुसार मंगलवार सहकारी विभागका रजिष्ट्रार र पूर्वरजिष्ट्रारसँग छलफल गरेको छ।

छलफलका क्रममा रजिष्ट्रार एवम् पूर्वरजिष्ट्रारले नीतिगत, संरचनागत र प्रक्रियागत सुधार गरिनुपर्नेमा जोड दिएको समिति सचिव बबिता मिश्रले जानकारी दिए।

समितिले सरोकार भएका निकायसँग कागजात मगाएर, ती निकायका कुरा सुन्ने, बुझ्नेलगायतका अध्ययन गरिरहेको उनले बताए।

समिति गठन भएको एक महिना पूरा भएको छ। समितिले सहकारीका पीडितसँग छलफलको तयारी गरेको छ।

पूर्वी ...

बस्तीमा पानी पसेसँगै इलाका प्रहरी कार्यालय कुमरखोदबाट प्रहरी नायव निरीक्षक दीपेन्द्र राईको कमाण्डमा चार जनाको टोली र बीओपी टाघनडुब्बाबाट सशस्त्र प्रहरी निरीक्षकको कमाण्डमा ७ जनाको टोली खटिएको छ।

माईखोला नजिकै रहेका वडा न.- १ को मिलनबस्ती, सालमारा, लसुनगञ्ज, सीतुमारी , वडा नं -२ को टप्पुगाउँ, सुगाबथान, कुवाडी, हवलदार बस्ती, बालुवाटार र सडकवारी जोखिममा परेका छन्।

फाल्गुनन्द सडक अवरुद्ध

बाढी पहिरोका कारण दमकबाट दक्षिण इलाम तथा पाँचथरका ग्रामीण क्षेत्रसम्म जोड्ने फाल्गुनन्द सडक अवरुद्ध भएको छ।

इलामको माङ्सेबुङ गाउँपालिका-३ स्थित बाघमारा पुल छेउमा पहिरो खसेका कारण सडक अवरुद्ध भएको माङ्सेबुङ गाउँपालिकाका अध्यक्ष हेमन्त राईले जानकारी दिए।

पहिरोले बाटो अवरुद्ध गरेपछि दमकबाट छुटेका यात्रुवाहक सवारीसाधन बाटोमा रोकिएका छन्। माङ्सेबुङ पालिकाले अवरुद्ध सडक खुलाउन स्काभेटर पठाइसकेको र पुनः पहिरोले अवरोध नगरे सडक चाँडै सुचारु हुने अध्यक्ष राईले बताए।

४१ पुल बगे, १० करोड बढीको क्षति

अविरल वर्षाका कारण देशका विभिन्न भागमा बाढी पहिरोलगायत विपदका घटनामा परेर हालसम्म ७८ जनाले ज्यान गुमाएका छन् भने रु. १० करोडभन्दा बढीको क्षति भएको छ।

प्रहरी प्रधान कार्यालयका अनुसार गत जेठ २८ गतेदेखि हालसम्म देशका विभिन्न स्थानमा आएको बाढी पहिरामा परेर ७८ जनाको मृत्यु भएको हो। जेठ २८ देखि मंगलवारसम्म बाढीपहिरो परेर ९० जना घाइते र पाँच जना बेपत्ता भएका छन्। बाढीपहिरोका कारण तीन सय ८१ पशु चौपायको मरेका, ९८ गोठमा क्षति भएको, पाँच सय ९५ घर विस्थापित भएका छन्। विपद् व्यवस्थापनका निम्ति पाँच हजार ४१ प्रहरी परिचालन गरिएको छ।

बाढी पहिरोले एक विद्यालय र दुई सरकारी भवनमा क्षति पुगेको छ भने ४१ वटा पुल बगाएको छ। यस्तै एक सय ६१ घर डुबानमा परेका र एक सय १६ रोपनी जग्गा पुरिएको प्रहरी प्रधान कार्यालयले जनाएको छ। अविरल वर्षाका कारण देशभर एक हजार २८ घटना भएका र त्यसबाट रु. १० करोड १८ लाख ८५ हजार सात सय बराबरको क्षति पुगेको प्रहरीले जनाएको छ।

डुबानमा परेकाको उद्धारमा सुरक्षा फौज

निरन्तरको अविरल वर्षाका कारण देशका विभिन्न ठाउँमा डुबानमा परेकाका परिवारको स्थानीय तह र सुरक्षा फौजको समन्वयमा सुरक्षित स्थानमा स्थान्तरण गरिएको छ।

सुनसरीको इटहरी उपमहानगरपालिका-८ गोइँसारस्थित टेङ्गा खोलाको बाँध भत्किएर जोखिममा परेका २० घरपरिवारलाई सुरक्षित स्थानमा स्थान्तरण गरिएको सशस्त्र प्रहरी बल नेपालका नायब उपरीक्षक एवम् सहप्रवक्ता शैलेन्द्र थापाले जानकारी दिए।

त्यस क्षेत्रमा सशस्त्र प्रहरी बल, नेपाल राजस्व प्रहरी इकाई इटहरी, नेपाली सेना, नेपाल प्रहरी तथा नगर प्रहरीसहितको टोलीले बाँध बाँध्ने कार्य गरिरहेको उनले जानकारी दिए। त्रियुगा नदीमा जलसतह बढ्दा डुबानमा परेका सप्तरीको सप्तकोशी नगरपालिका--२ सिद्धिपुरको सुकुम्वासी बस्तीका १६ घरपरिवारलाई सुरक्षा बेस फत्तेपुर र नेपाल प्रहरीको संयुक्त टोलीले सुरक्षित स्थानमा सारेको जनाइएको छ।

झापाको झापा गाउँपालिका-२ स्थित सुगाँबथानमा माई खोलामा पानीको सतह बढ्दा डुबानमा परेका १० घरपरिवारलाई बिओपी टागनडुब्बा र नेपाल प्रहरीको संयुक्त टोलीले सुरक्षित स्थानमा सारेको समेत बलले जनाएको छ।

उता सिरहाको कल्याणपुर नगरपालिका-६ भोक्राहास्थित कमला नदीमा पानीको सतह बढ्दा नदीको बीच भागमा अड्किएका पाँच जनाको सुरक्षा बेस कल्याणपुर र सुरक्षा बेस दुवरकोटको टोलीले सकुशल उद्धार गरेको छ।

वर्षाका कारण अवरुद्ध काठमाडौंको शङ्खरापुर नगरपालिका-३ स्थित जहरसिंह पौवा-कात्तिके सडक सशस्त्र प्रहरीले मंगलवारदेखि सञ्चालनमा ल्याएको छ। त्यस सडक खण्डको खहरे ठाडो खोल्सामा आएको बाढीले एकतर्फी सडक अवरुद्ध भएपछि सशस्त्र प्रहरी बल नेपाल सुरक्षा बेस लप्सीफेदीबाट खटिएको सुरक्षा फौजले पूर्णरुपमा सञ्चालनमा ल्याएको सह प्रवक्ता थापाले जानकारी दिए।

पहिरोमा परी त्रियुगामा एकको मत्यु, दुईजना घाइते

निरन्तर वर्षाका कारण त्रियुगा नगरपालिका-१५ तोरीबारीमा पहिरोमा परी एक जनाको मृत्यु भएको छ भने अन्य दुई जना घाइते भएका छन्।

प्रहरीका अनुसार आठ वर्षका रुपकला मगरको मृत्यु भएको तथा ४० वर्षीया हीरामाया मगर र निजका सात वर्षीय छोरा योगेश मगर घाइते भएका छन्। गम्भीर घाइते उपचार भइरहेको प्रहरीले जनाएको छ। तोरीबारीमा पहिरोले चार घर पुरेको छ भने अन्य पाँच घर उच्च जोखिममा छन्।

विपद्जन्य घटनाबाट चार जनाको मृत्यु

झापामा मनसुनजन्य घटनाबाट चार जनाको मृत्यु भएको छ। गत जेठ २८ गतेदेखि हालसम्म मनसुनजन्य घटनामा परी चार जनाको मत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्णकुमार चन्दले जानकारी दिए। उनका अनुसार खोलाले बगाएर दुई जना र चट्याङ लागेर दुई जनाको मृत्यु भएको हो।

खोलाले बगाउँदा एक बालक बेपत्ता भएका छन्। चट्याङ लागेर तीन महिला घाइते भएको प्रहरीले जनाएको छ। मनसुनजन्य घटनाबाट जिल्लाका विभिन्न ११ स्थानमा करिब रु. एक करोड आठ लाख पाँच सय बराबरको भौतिक क्षति भएको छ। जिल्लाका विभिन्न स्थानमा बाढीका कारण एक सय ८६ घर डुबानमा परेका छन्। २८ घरपरिवार विस्थापित भएका छन्। तीमध्ये १६ परिवार फर्किसकेको र १२ परिवार घर फर्किन बाँकी रहेको प्रवक्ता चन्दले जानकारी दिए।

सोही अवधिमा प्रहरीले ११ घरपरिवारका ४० जनाको उद्धारसमेत् गरेको छ। मनसुनजन्य घटनामा परी चार वटा पशु मरेका छन्। जिल्लामा मनसुनजन्य घटनामा परेकाको उद्धारका गर्न एक सय प्रहरी परिचालन गरिएको जिल्ला प्रहरीले जनाएको छ।

हात्तीको ...

प्रयास जारी राखिने वडाध्यक्ष कार्कीले बताए। हात्ती आउँदा मानिसहरु गुरुङ्रुङ हेर्न तथा धपाउन जाने गलत बानी अहिले कम भएको कार्कीले सुनाए। परिमाण ६ महिनादेखि ४ र १ नम्बर वडामा हात्तीको आक्रमण रोकिएको उनले बताए।

राहतका नाममा आहत दिने गरेको पीडित हेमराज बरालको दुखेसो छ। १५ महिना धाउँदासमेत राहत पाउन आफूलाई गाह्रो भएको उनले बताए।

वन ऐन, राष्ट्रिय निकुञ्ज ऐन , कार्यविधि र राहत निर्देशिका अनुसार सरकारले वन्यजन्तु पीडितलाई राहत तथा क्षतिपूर्ति दिन्छ। मृतकका परिवारलाई १० लाख रुपैयाँ राहत दिने व्यवस्था छ।

संशोधन सहित २०८० साउन १ गतेदेखि लागू निर्देशिका अनुसार सख्त घाइतेले २ लाख रुपैयाँसम्म पाउँछन्। तर, सरकारी प्रक्रिया झन्झटिलो हुँदा घाइते र सदस्य गुमाएका अधिकांश परिवारले उपचार खर्च र राहत पाउनै मुस्किल पर्छ। राहत निर्देशिकामा दस लाख भनेपनि मनोरथको परिवारले पाँच लाख रुपैयाँ मात्रै पाएको छ। राहत निर्देशिका बन्नु अघि नै हात्तीको आक्रमणबाट अन्य तीन परिवारले आफ्ना सदस्य गुमाएको कारण अहिलेसम्म कुनै राहत पाएका थिएनन्।

सन्तानको शिक्षादीक्षा, मृतकको स्मृतिमा कुनै काम गर्न सहयोग पुऱ्याउने उद्देश्यले चार परिवारलाई वडाले आफ्नो बजेटबाट सहयोग गरेको वडाध्यक्ष कार्कीको भनाइ छ। २०६८ सालपछि मात्रै झापामा ६५ जनाले हात्तीको आक्रममा परी ज्यान गुमाई सकेका छन्। तर, अहिले पनि हात्ती पीडित धेरैले राहत पाएका छैनन्।

स्वास्थ्य ...

सम्वन्धित सबैमा जारी सूचनामार्फत पालिकाले जानकारी गराइएको प्रमख प्रशासकीय अधिकृत मानबहादुर बन (महेन्द्र)द्वारा हस्ताक्षरित सूचनामा भनिएको छ। पालिकाले बिनादर्ता तथा बिना स्वीकृति सञ्चालन भइरहेका स्वास्थ्य संस्था र ब्यावसायको डाटा संकलन गर्दै गरेको पालिकाका स्वास्थ्य शाखा प्रमुख प्रकाश खतिवडाले जानकारी दिए। खतिवडाका अनुसार त्यस्ता संस्थालाई दिइएको समयसीमाभित्र पनि पालिकामा पनि पालिकामा दर्ता तथा स्वीकृति लिन नआए उनीहरुलाई दिएको समय सीमाभित्र पनि सम्पर्कमा नआए साथै नियम विपरीत सञ्चालन गरेको पाइए प्रचलित कानून अनुसार पालिकाले कारबाही गर्नेछ।

कर्मचारी आवश्यकता

यस द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि. को २०८१ साल असार २४ गते बसेको सञ्चालक समितिको निर्णय अनुसार संस्थाको झापा जिल्ला मुल कार्यालय दमक, उर्लाबारी सदस्य सेवा केन्द्र र बिर्तामोड सदस्य सेवा केन्द्रका लागि केही कर्मचारी आवश्यकता परेको हुदा इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

पद : **बजार प्रतिनिधि**
शैक्षिक योग्यता : एस.एल.सी., एस. इ. इ. वा सो सरह
अन्य योग्यता : आधारभुत कम्प्युटरको ज्ञान भएको, मोटरसाइकल स्कुटरको लाइसेन्स भएको, सहकारी क्षेत्रमा अनुभव र स्थानीयलाई प्राथमिकता
उमेर : १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको
नियुक्तिको किसिम : अस्थायी
दरखास्त दिने अवधि : २०८१ साल असार २५ गतेदेखि श्रावण ७ गतेसम्म
तलब स्केल : संस्थाको नियम अनुसार
अन्य सुबिधाः कर्मचारी सञ्चयकोष, पोषाक, खाजा, इन्धन खर्च, वार्षिक बोनस, पर्व खर्च तथा अन्य सुविधा
आवश्यक कागजातहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, विज्ञापनमा भएको पदको लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको प्रमाण-पत्र, चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि र तालिम अनुभव सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपि।
परीक्षाको किसिम : लिखित, मौखिक, प्रयोगात्मक
सम्पर्कका लागि : ०२३-५७५८५५/९८५२६७६८०२

ज्ञाननाथ पौडेलः संयोजक
पदपूर्ति उपसमिति

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधिः गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

संविधान संशोधन आम सहमतिमा गर

नेपालमा आज फेरि संविधान संशोधन र राजनीतिक स्थायित्वको प्रश्न उठेको छ । बदलिएको परिदृश्यमा दुई ठूला दल नेकपा एमाले र नेपाली काग्रेस संविधान संशोधन र स्थायित्वका लागि सहकार्य गर्न तत्पर भएका छन् । साना दललाई समेटी मुलुकको बृहत्तर हितका लागि काम गर्ने प्रतिबद्धता दोहोऱ्याएका छन् । २०७२ साल असोज ३ मा जारी भएको नेपालको संविधान सर्वस्वीकार्य थिएन । मधेस/तराईमा क्रियाशील दलहरू र विशेषतः भारतको उक्त संविधानप्रति असन्तुष्टि थियो र संविधान जारी पछि नेपालले अघोषित नाकाबन्दीको मार पनि व्यहोर्नु परेको इतिहास छ । २०५२ देखि शुरु भएको जनयुद्धको नेतृत्व पनि संविधानलाई लिएर मतैक्यता कायम गर्न असफल थियो । दश बर्से सशस्त्र युद्धको सान्दर्भिकता स्थापित गर्न नेपालको नयाँ संविधानले सकिरहेको थिएन । सत्ता र राजनीतिक परिवर्तनमा हिंसालाई स्वीकार्य र सम्मानित माध्यमको रूपमा लिन हुने वा नहुनेमा अहिले पनि विवाद छ । विनाशको जगमा मात्र विकास ठडिन्छ भन्ने सशस्त्र विद्रोहको नाराको कुव्याख्या गर्दै डर र आतंक पैदा गरेका द्वन्द्वकालीन विद्रोही नेताहरूले परोक्षरूपमा हिंसालाई 'क्रान्तिको निर्मम नियम' भने पनि त्यसबाट अगाडि बढ्ने प्रण गरेका थिए ।

२०७२ सालयता विभिन्न प्रतिकूल कारण र पृष्ठभूमिमा संविधानको सम्पूर्ण भाव व्यवहारमा अभिव्यक्त हुन सकेन । जनयुद्धको जगमा स्थापित दल नेकपा माओवादी पनि टुक्रा-टुक्रा भएर आफ्नो हैसियतलाई समेत कमजोर बनाएको छ र तत्काल र सतही रूपमा हेर्दा भविष्यमा निकै कमजोर भएर जाने देखिन्छ । माओवादी केन्द्रले संविधान संशोधनको विषय लिएर फेरि हिंसाको राजनीति अँगाल्ने नारा त देला तर उसको शान्ति प्रक्रियाको सफलता अनि त्यससँग जोडिएको संविधानको नैतिक र राजनीतिक हैसियत पनि खतरामा पर्नेछ । माओवादीको इपिसेन्टर वा नाभी कहाँ छ भन्ने आमनेपालीको बुझाइ फरक छ ।

संविधानलाई विश्वकै सर्वोत्कृष्ट दस्तावेज भन्नु पूर्व त्यसमा निहित हिंसाको अनुमोदन र प्रशस्ती गायनबारे हेक्का राख्नु जरुरी छ । हुन त संविधान संशोधनको बहस मुलुकले हिंसालाई क्रान्ति र राजनीतिक परिवर्तनको माध्यमका रूपमा स्वीकार्ने कि नस्वीकार्ने प्रश्न पनि हो । यो कुरालाई विदेशी शक्तिले समेत सहयोग पुऱ्याउन चाहेमा के त्यसलाई लोकतन्त्रको पक्षमा आएको बाह्य समर्थन मान्ने कि नमान्ने भन्ने पनि हो । संविधान संशोधनले दूरगामी अर्थ र महत्व राख्छ । संघीयता, धर्म निरपेक्षता, समानुपातिकता, समावेशिता, गणतन्त्र, लोकतन्त्रलाई चोट पुऱ्याउनु निश्चितरूपमा राम्रो होइन । तर, समयसापेक्ष रूपमा जनता र मुलुकको बृहत हितका लागि सकेसम्म आम सहमति र सहकार्यमा संविधान संशोधन हुनुपर्छ । हिंसा, तोडफोड र हत्याको राजनीति जनताले स्वीकारेका छैनन्, किनकि त्यो नेपालमा प्रत्युत्पादक र अफापसिद्ध भइसकेको छ, तसर्थ सत्ताको लालसामा आयाराम गयाराम जस्तो हुने हो भने यो सहकार्य दूरगामी, सकारात्मक र प्रभावोत्पादक हुने छैन, बरू प्रमुख दुई दल एक ठाउँमा उभिएर सशक्त प्रतिपक्षविहीन बनेको अवस्था समयक्रममा प्रत्युत्पादक हुनेछ ।

प्रशासन र राजनीतिको सीमारेखा

जगदीश रेग्मी

नेपालमा राज्य सञ्चालनका मुख्य पात्र प्रशासन र राजनीतिबिच आत्मीय एवम् सौहाद्रपूर्ण सम्बन्ध छैन । यिनीहरू बीच विवाद बढ्दै गइरहेको छ। यसको अन्तर्निहित कारण केलाउँदा एकातर्फ राजनीतिज्ञले प्रशासनमाथि नियन्त्रण गर्न खोजिरहेको छ भने अर्कातर्फ प्रशासकले पनि राजनीतिज्ञलाई अकर्मण्य र पलभरको पाहुना आदि भनेर नटेरेको देखिन्छ। राजनीतिक क्षेत्रको अत्यधिक हस्तक्षेपले प्रशासनलाई शक्तिहीन र अधिकारविहीन बनाउँदै लगेको छ। राजनीति निरंकुश र स्वेच्छाचारी बनेर प्रशासनमाथि प्रभुत्व जमाएको छ। निजामती सेवाका आदर्श एवम् मूल्य मान्यतामाथि बारम्बार आक्रमण गरिरहेको छ। राजनीतिज्ञका यस्ता सोच र प्रवृत्तिले गर्दा प्रशासन यन्त्रको छवि दिनानुदिन धुमिल हुँदै गएको छ, निजामती सेवा प्रणालीबद्ध हुन सकिरहेको छैन, शासन प्रणालीको स्तर दिनानुदिन खस्किँदै गएको छ। त्यसकै कारण प्रशासन र राजनीतिबिचको सीमारेखा मेटिँदै गएको छ।

बेलायत तथा अमेरिकाका प्रशासनविद्ले लामो अवधिसम्म गरेको वैचारिक सङ्घर्षको परिणाम स्वरूप राजनीति र प्रशासनबीचको सीमा तथा सम्बन्ध विभाजन भएको पाइन्छ। अमेरिकाका भूत पूर्व राष्ट्रपति एवम् प्रशासनविद् विड्रो विल्सनले राजनीति र प्रशासनबीच सीमा विभाजनको सिद्धान्त प्रतिपादन गरे। जस अनुसार प्रशासन र राजनीति एकअर्काका विरोधी होइनन्। तर, यिनका प्रक्रिया, क्षेत्र र कार्य भने अलग रहनुपर्छ। राजनीतिले प्रशासनलाई निर्देशन गर्ने र त्यही निर्देशनका आधारमा प्रशासनले आफ्नो कार्यसम्पादन गर्नुपर्छ। राजनीतिक कार्यकारीले प्रशासनका लागि नीति, कार्यक्षेत्र र कार्य प्रणाली निर्धारण गर्छ भने प्रशासनले स्वतन्त्र रहेर त्यसको व्यवस्थित र विस्तृत रूपमा कार्यान्वयन गर्छ। यसै मान्यतालाई आधार मानी नेपालमा सुशासन ऐन २०६४ लागू गरियो। अफसोस, राजनीतिक नेतृत्व त्यसलाई उपेक्षा गरी मनोमानी ढङ्गले चलिरहेको छ भने प्रशासन पनि राजनीतिक नेतृत्वको आदेश निर्देशनमा चलेको छैन।

जर्मनीका समाजशास्त्री म्याक्स बेबर भन्छन्- 'प्रशासनयन्त्र एक प्रभावशाली शक्ति समूह हो। यस संयन्त्रको शक्ति विस्तार र सुदृढ हुँदै गइरहेको छ। राज्यमा सबैभन्दा विकसित तथा अपरिहार्य अङ्ग बनेर निरन्तर वृद्धि भई विश्वभर व्यापक रूपमा विस्तार भएको छ। यसको आफ्नो विशिष्ट हित, मूल्य र शक्तिको आधार छ भन्ने देखिन्छ। यो प्रविधि र ज्ञानको क्षेत्रमा राजनीतिभन्दा श्रेष्ठतम छ। यो संयन्त्र आफ्नो हित, शक्ति र छविका कारणले राष्ट्र र जनताको हितभन्दा केही शक्ति र वर्गको स्वार्थमा काम गरेको छ। विशेषज्ञका रूपमा रहेको कर्मचारीतन्त्रको वर्चस्वले गर्दा जनताको हित दब्न पुगेको यथार्थ स्वीकार गर्नुपर्छ। यसमाथि नियन्त्रण गर्ने सबैभन्दा महत्वपूर्ण संयन्त्र संसद हो। यसको बढ्दो शक्ति एवम् दबदबालाई नियन्त्रण र सन्तुलनमा ल्याउन राजनीतिक व्यवस्था या शासकीय प्रबन्धमा गैरसरकारी विशेषज्ञ तथा व्यावसायिक सङ्गठनहरूको प्रवेश गराउन सकिन्छ।' अहिले विश्वभर म्याक्स बेबरको यो मान्यतालाई अवलम्बन गरिँदै आइएको छ।

राजनीतिज्ञले आफ्ना मतदाताको हित हेर्छ भने प्रशासनले नियम, कानून र प्रक्रिया हेर्छ। लोकतान्त्रिक राज्यव्यवस्थामा सरकारको नेतृत्व गरेको दलको राजनीतिक विचारधारा अनुसार तिनका नीति, कार्यक्रम र घोषणापत्र बमोजिम काम गर्न कर्मचारी प्रशासनलाई आदेश-निर्देश दिइएको हुन्छ। प्रशासन विज्ञहरूको समूह हो। कर्मचारीमा व्यावसायिक तथा नैतिक आचार हुने हुनाले उसले ऐन कानून र प्रक्रियाको परिधिभित्र रहेर कर्तव्य पालन गर्छ। त्यस अवस्थामा कानूनको बर्खिलाप हुने गरी आदेशको पालना गर्दैन। आफ्नो आदेशको पालना नहुँदा राजनीतिक कार्यकारीले आफ्नो अयोग्यता र अकर्मण्यतालाई बिर्सेर प्रशासन माथि आक्रमण गर्ने गरेको पाइन्छ। वस्तुतः त्यस व्यवहारबाट प्रशासकको दिल फाटेको भेटिन्छ।

राजनीतिज्ञले कर्मचारीको विशेषज्ञ क्षमतालाई राज्यको ठोस विकासमा उपयोग नगरी राज्य स्रोत एवम् ढुकुटीको अपचलन गर्ने मामिलामा उपयोग गर्ने गरेको पाइन्छ। न्यायालय, संवैधानिक आयोगहरू, कुटनीतिक नियोग जस्ता निकायमा लम्पट कार्यकर्ताको नियुक्ति, योजनाका लागि बजेट विनियोजन, ठेक्कापट्टा र कर्मचारीको वृत्ति विकास जस्ता अवसर प्रदान गर्दा राजनीतिज्ञलाई अदृश्य रूपमा आम्दानी हुने गर्छ। अदृश्य आम्दानीको स्रोत पत्ता लगाउने र अपचलन गर्ने खेलोफड्कोमा उपयोग गर्छन्। राजनीतिज्ञ विकासका कार्यक्रम र बजेट आफ्नो निर्वाचन क्षेत्रमा लैजाने र आफ्नै शुभेच्छुक। समर्थक ठेकेदार मार्फत मात्रै काम गराउन खोज्छन्। त्यस्तो अनुचित काम लगाउँदा निष्ठावान् कर्मचारीले सो गर्न मान्दैनन्। त्यसको बदलामा राजनीतिज्ञहरू जनताको विश्वास पात्र बन्नका लागि भन्छन्- 'हामीले देशलाई स्वर्ग बनाउन खोजेको हो, तर कर्मचारीले नियम कानून तेर्साएर बनाउनै दिँदैनन।' उनीहरूको त्यस्तो भनाइ कदापि सत्य भने होइन।

प्रशासनले लोकसम्मति, कानून, विधि, मर्यादा र प्रणाली अनुरूप काम गर्न पाएको छैन। परिणामतः शासन प्रणालीको स्तर दिनानुदिन खस्केको छ। राजनीतिक क्षेत्रबाट हुने अत्यधिक हस्तक्षेपले मुलुकी प्रशासन गतिहीन, विकलाङ्ग र पङ्गु बन्दै गएको छ। यसैले त देशमा अहिले मूल्य-मान्यता र संस्कारको राजनीति विलुप्त हुँदै गएको छ। राजनीतिक आदर्शबाट च्युत, राजनीतिक संस्कार नबसेको र राज्य सञ्चालनमा अकर्मण्य नेतृत्वमा शासकीय मान्यता र सोच हाबी हुनाले शक्तिमा बसेपछि जे गरे पनि हुन्छ भन्ने मनोविज्ञान छ। त्यसैले होला, उनीहरूले कर्मचारी प्रशासनका मूल्य मान्यता र आदर्शमाथि अतिक्रमण गर्छन्। परिणामतः कर्मचारी प्रशासन निष्पक्ष, व्यावसायिक र स्थिर भई प्रणालीबद्ध बन्न सकेको छैन।

कर्मचारीतन्त्र राज्यको स्थायी र प्रतिनिधिमूलक संयन्त्र हो। जनभावनाप्रति संवेदनशील भई आफ्नो सम्पूर्ण जीवन र समय जनसेवा तथा राष्ट्रसेवामा समर्पित गर्दा पनि ऊ माथि कामचोर र भ्रष्ट कर्मचारीको दृष्टिकोणले हेरिन्छ। राजनीतिज्ञ कर्मचारीलाई काम पन्छाउने, ढिलासुस्ती, लालफित्ताशाही, प्रक्रियामुखी आदि भनेर आरोप लगाउँछन्। अझ विडम्बना यो छ कि कमिसन र घुस लेनदेन कारोबारमा आफू चोखो बस्छन् र कर्मचारीलाई कलम चोब्न बाध्य गराउँछन्। राजनीतिज्ञका यस्ता सोच र व्यवहारले राजनीतिज्ञ र प्रशासकबीच मनमुटाव कायमै रहिरहेको छ।

योग्य प्रशासकको शक्ति महान् हुने गर्छ। उसका अगाडि राजनीतिज्ञ अपरिपक्व, कमजोर र सिकारु भएको महशुस गर्छ। अपरिपक्व राजनीतिज्ञमाथि विशेषज्ञको प्रभाव पर्छ। त्यस्तो नेतृत्वले प्रशासकसँग सिक्नुपर्ने स्थिति प्रत्येक राज्यव्यवस्थामा आएको हुन्छ। त्यस्तो राजनीतिक नेतृत्वलाई राज्य सञ्चालनको भरिपूर्ण ज्ञान, पर्याप्त सूचना र खारिएको अनुभव हुँदैन। उनीहरूलाई प्रशासनिक नियम र प्रक्रियाबारे थाहा हुँदैन। यस्तो अवस्थामा वर्तमान राजनीतिक समाजमा रहेको अपरिपक्व नेतृत्व र कर्मचारीतन्त्रको ज्ञानबीच सन्तुलन र समन्वय कायम गराउन जरुरी देखिएको छ।

राज्यका कार्यकारी संयन्त्र कमजोर भए भने र जनता सचेत भएनन् भने लोकतन्त्र सङ्कटमा पर्छ। कर्मचारी प्रशासनले सिस्टम र विधिको शासन अनुरूप काम गर्न पाएन भने सिस्टम कोल्याप्स हुन्छ र अन्ततोगत्वा राष्ट्र नै असफल हुने खतरा रहन्छ। यस्तो चेत राजनीतिक नेतृत्वमा कहिल्यै आएन। प्रशासनलाई कसरी व्यवस्थित गर्ने र कुन विधि तथा प्रक्रिया बमोजिम चलाउने भन्ने भिजन दिने राजनीतिक नेतृत्वले नै हो। त्यसै गरी मुलुकको प्रशासन जनमुखी, उत्तरदायी र प्रभावकारी भयो या भएन र निर्देशन अनुसार कार्य सम्पादन गऱ्यो या गरेन भनेर सुपरिवेक्षण गर्ने काम पनि राजनीतिक नेतृत्व कै हो। यो कार्यभार राजनीतिक नेतृत्वले समाल्दा मात्रै जनताले समृद्धि, स्वच्छ न्याय र विकासको अनूभूति गर्न पाउने छन्।

म्याक्स बेबर भन्छन्- 'प्रशासन समाजको एक उच्चकोटिको अङ्ग हो।' हो पनि, प्रशासकमा ज्ञान, विवेक र विशेषज्ञता जस्ता विशिष्ट क्षमता हुन्छ। उनीहरूमा रहेको बुद्धि, ज्ञान र चेतनाको स्तर राजनीतिज्ञको भन्दा उच्च श्रेणीको हुन्छ। उनीहरूमा भएको दूरदर्शिता र कार्यसम्पादन क्षमतालाई कम आँकेर पार्टीका लम्पट कार्यकर्ताकै स्तरमा समदृष्टि, समव्यवहार या समभाव राखिनु हुँदैन। यसो गर्दा उनीहरूको प्रतिष्ठामाथि आँच आई अपमान र अवमूल्यन हुन जान्छ। यसबाट प्रशासक वर्गको मन फाट्छ। यस्तो व्यवहारले प्रशासक र राजनेताबीच विवाद हुन्छ। कर्मचारी र राजनेताबीच स्वार्थप्रेरित द्वन्द्वको स्थिति आयो भने त्यसले सरकार-नागरिकबीचको सम्बन्धमा दरार ल्याउँछ। त्यो अवस्थाले मुलुकमा सङ्कट र बरबादी निम्त्याउँछ।

नेपालमा राजनीतिकर्मीले प्रशासनमाथि हस्तक्षेप गर्दा परिणामतः प्रशासन प्राणहीन बन्न पुगेको छ। प्रशासन व्यावसायिक एवम् स्थिर हुन सकेको छैन। प्रशासन संवैधानिक मूल्य-मान्यतामा आधारित भएर त्यसको कार्यान्वयन गर्ने संयन्त्र हो। तसर्थ प्रशासन लोकतान्त्रिक मूल्य-मान्यतामा अडिग रहने गरी स्वतन्त्र रूपमा चल्न दिनुपर्छ। त्यसैगरी संविधानमा निहित सिद्धान्त, मूल्य-मान्यता, प्रशासनिक प्रक्रिया र प्रणाली बमोजिम चलाउनु पर्छ। तब मात्र प्रशासन र राजनीतिबीच बढ्दै गएको विवाद अन्त्य हुन्छ। राजनीति र प्रशासनबीचको विवाद अन्त्य गर्न राजनीति र प्रशासनबीचको सीमा तथा सम्बन्ध स्पष्ट रूपमा विभाजन हुनु जरुरी छ। गोप

कृतिम बौद्धिकता मानव मस्तिष्कभन्दा अघि जान्छ ?



कमलकान्त ढुंगेल

एक पटक म चर्चित कपिल शर्माको सोमा भिक्षु गौरगोपाल दासको कुरा सुनिरहेको थिएँ। त्यसमा उहाँ उपवासको कुरा गरिरहनुभएको थियो। उहाँ भन्दै हुनुहुन्थ्यो कि खाली पेटको उपवास अब पुरानो भइसक्यो र यो अहिलेको समयको माग होइन। अहिलेको २१औं शताब्दीको माग भनेको त विद्युतीय उपकरण र सामाजिक सञ्जालको उपवास हो। यसको अर्थ यदि हामी मनोवैज्ञानिक र मानसिक शान्ति चाहन्छौं भने हामीले महिना वा हप्तामा एक दिन भए पनि मोबाइल, ल्यापटप, इन्टरनेट, फेसबुक, ट्वीटर जस्ता डिजिटल ग्याजेट तथा सञ्जालबाट टाढा बस्ने आँट गर्न सक्नुपर्छ।

यो सुन्दा अपाच्य लाग्न सक्छ। किनकि अहिलेको जमानामा यस्ता डिजिटल ग्याजेट, इन्टरनेट र सामाजिक सञ्जाल हाम्रो जीवनको अभिन्न अंग जस्तै बनिसकेको छ। यस भनाइको उद्देश्य एआइमैत्री टेक्नोलोजिले हाम्रो जीवनमा गरिरहेको नियन्त्रणलाई न्यूनीकरण गर्ने भन्ने हो यसको फलस्वरुप हामीलाई मानसिक शान्ती मिल्छ। यदि यस्ता प्रकारका ग्याजेट र टेक्नोलोजीले हामीलाई शासन गर्न थाले भने त्यो दिन धेरै टाढा छैन जुन दिन एआइ उपकरणले हामीमाथि राज गर्न थाल्छ र हामीभन्दा अगाडि बढेर जान सक्छ। किनभने हामीले जति धेरै एआई प्रयोग गर्छौं त्यो त्यति नै बढी शक्तिशाली र स्मार्ट हुँदै जान्छ। एलोन मस्कले एक पटक भनेका थिए- 'एआई मानव सभ्यताको लागि आधारभूत खतरा हो।'

नयाँ एआई भनेको एउटा अबोध शिशु जस्तै हो, जसको मष्तिष्क पुरै खाली हुन्छ। यसको अधिकतम् प्रयोगले हाम्रो सबै तथ्यांक निल्छ र हामीले चाल्ने नयाँ कदमको भविष्यवाणी गर्दछ। एआईको बढ्दो प्रयोग मानवको लागी घातक हुन सक्छ। यसले हाम्रो भूतकालको तथ्यांकको आधारमा हाम्रो भविष्य एक्ट्रापोलेट गर्छ। उदाहरणका लागि हामीले फेसबुक, टिकटक केही क्षण चलाएपछि यसले हामी कस्तो कन्टेन्ट हेर्न खोजेको हो भन्ने बुझेर त्यस्तै भिडियोहरु देखाउन थाल्दछ। जति धेरै यसको प्रयोग गरिन्छ त्यति नै यसले हामीले नजिकैबाट चिन्न थाल्दछ।

एआई भने त्यस्तो कम्प्युटराइज्ड मेसिनको विकास हो। जसले जैविक मष्तिष्क जस्तै सोचेर कार्य गर्न सक्छ, उदाहरणका लागि निर्णय निर्माण, वस्तु चिन्ने र जटिल समस्याहरुको समाधान गर्ने गर्न सक्छ। एआई तीन प्रकारको हुन्छ- आर्टिफिसियल न्यारो इन्टेलिजेन्स (ANI), आर्टिफिसियल जेनेरल इन्टेलिजेन्स (AGI) र आर्टिफिसियल सुपर इन्टेलिजेन्स (ASI)।

यदि यस्तो एआईलाई आतंकवाद जस्तो विनासको लागि तालिम दिइयो भने यसले ठूलो प्रलय गराउन सक्छ, जुन मानव सभ्यताको लागि घाटक सिद्ध हुन सक्छ। अर्कोतर्फ यदि एआईलाई राम्रो कामका लागि तालिम दिइयो भने भविष्यमा यसले मानिसभन्दा राम्रो, डिलिजेन्ट र मसिनोसँग नथाकिकन काम गरेर यसले मानिसलाई विस्थापित गर्न सक्छ। यसले पनि भयानक अवस्था निम्त्याउन सक्छ। एआईलाई जसरी प्रयोग गरे पनि यसले निकट भविष्यमा मानवको जीवनमा समस्या निम्त्याउने प्रायः निशिचित छ। एआईलाई जैविक मष्तिष्कलाई जित्न सक्ने क्षमता दिनु हुँदैन। यसलाई मानव मष्तिष्कको सहयोगीको रुपमा मात्रै सीमित राख्नु उचित हुन्छ।

यहाँ म एक वर्ष अघिको एउटा चाखलाग्दो कथा राख्न चाहन्छ। एकदिन म मैले काम गर्ने विद्यालयको करिडरबाट हिँडिरहेको बेला दुईजना विद्यार्थीहरु गफ गर्दै गरको सुने। त्यहाँ एउटा विद्यार्थीले अर्कोलाई सोध्दै थियो- 'तिमीले आजको टपिक बुझेऊ ? मलाई त एकदमै गाह्रो लाग्यो।' अर्काले मुस्कुरायो र जवाफ दियो- 'मैले त झन् केही पनि बुझिनँ।' पहिलो विद्यार्थी छक्क पऱ्यो र सोध्यो- 'त्यसो भए तिमीले नबुझेको कुरा किन शिक्षकसँग छलफल नगरेको छ ?' यसको जवाफमा अर्काले भन्यो- 'शिक्षकलाई सोध्नुको कुनै औचित्य नै छैन किनभने म यो टपिक पछि युट्युवमा हेर्छु। युट्युवले शिक्षकले भन्दा मज्जाले बुझाउँछ।'

म पनि शिक्षक भएकाले यो कुराले मेरो मुटुमा छोयो तर सँगसँगै यसले मलाई मानव जीवनका हरेक पक्षमा प्रविधिले पारेको असरबारे मज्जाले जानकारी दियो। यो त एआई र हाम्रो जीवनको बलियो कनेक्सन छ भन्ने एउटा सामान्य उदाहरण मात्र हो। यसरी नै मानिसले इन्टरनेटलाई स्वास्थ्य समस्याका सल्लाह, औषधि उपचार, कपडाहरु, राष्ट्रिय र अन्तर्राष्ट्रिय घटनाहरुका लागि यसका एक्पर्टभन्दा धेरै विश्वास गरेको पाइन्छ। इन्टरनेटबाट प्राप्त उत्तरहरु चाहिँ पर्फेक्ट र त्रुटिरहित हुन्छ भन्ने भ्रम आजको मानिसहरुलाई छ। यस घडीमा मानिसले गुगल, जिमेल, सामाजिक सञ्जाल, इन्टरनेट र अहिले च्याटजिपिटि मानिसकै क्रिएसन हो भन्ने बिर्सिसकेको भान हुन्छ। अहिले मानिसहरु एआईमैत्री सर्च इञ्जिन च्याटजिपिटिका बारेमा एकदमै धेरै चर्चा भइरहेको छ।

जे भए पनि, मुख्य प्रश्न भनेको एआईले जैविक मष्तिष्कलाई जितेर अगाडि जान सक्छ कि सक्दैन ? यसैगरी के एआइले जैविक मष्तिष्क जस्तै खुला सोच्न सक्छ ? खासमा भन्नुपर्दा एआई गर्भ भनेको पनि जैविक मष्तिष्क नै हो। त्यसो भए मानिसले जन्माएको एआईलाई भगवानले दिएको जैविक मष्तिष्कलाई कसरी जितेर जान सक्छ त ? एआईको आफ्नै लिमिटेसन छ। एआईको संसार भनेको यसको रचना गर्ने जैवीक मष्तिष्कले परिभाषित गरेको सीमाभित्र सीमित रहन्छ। तसर्थ, एआइले विश्वलाई शासन गर्छ भन्नु एउटा कल्पना मात्र हुन जान्छ। एआई आफैंमा सार्वभौम हुँदैन। यसको जैविक मष्तिष्कको जस्तो छुट्टै संसार हुँदैन। यो त केवल जैविक मष्तिष्कको एउटा सहायक साधन मात्र हो। एआईले मानव जीवनलाई सहज बनाउने किसिमले तयार गर्नु पर्दछ। तर, एआईले नै शासन गर्ने संसार हुँदैन र हुनु पनि हुँदैन।

टक्निकल शब्दमा भन्नुपर्दा यो एआई भन्ने शब्द कम्प्युटर वैज्ञानिक जोन म्याकर्थिले सन् १९५६ मा प्रयोग गरेका थिए। यो बायो चिप्समा आधारित एक सेमिकन्डक्टरबाट बनेको जटिल विद्युतीय सर्किट हो। यो पनि मानव मष्तिष्ककै क्रिएसन हो। एआईले दिने उत्तर पनि यसको रचना गर्ने जैविक मष्तिष्कले परिभाषित गरेको सीमारेखाभित्र नै हुन्छ। यस आधारमा भन्नुपर्दा एआईको बेग्लै अस्तित्व सम्भव नै छैन। सँगसँगै एउटा एआईले अर्को एआईलाई जन्म दिने कुरा कल्पनामै सीमित हुन्छ।

धेरै साइन्स फिक्सन फिल्ममा एआई मैत्री रोबोटहरुले आफ्नो संख्या आफैं बढाएको, एक रोबोटले अर्कालाई काम अह्राएको देखाइएको छ। तर, एउटा मसिनले अर्को मसिनलाई काम लगाउने क्रिया काल्पनिक मात्र हो।

जैविक मष्तिष्क करोडौं नर्भ कोष, रक्तसञ्चार प्रणाली, मांशपेसीय प्रणालीको जटिल संयोजन हो। यसको मेमोरी भण्डारण क्षमता कृतिम बौद्धिकताको जसरी अंकमा लेख्न सकिँदैन। यसको मेमोरी दिनानुदिन बढ्दै जान्छ। हामीले जति धेरै जैविक मष्तिष्कको उपयोग गर्छौं त्यति नै यसको क्षमता बढ्दै जान्छ।

एउटा भनाइ छ- 'मानिस कहिले पनि भगवान बन्न सक्दैन।' यो भनाइलाई सापटी लिँदा के भन्न सकिन्छ भने मानव भगवानको सृष्टि हो र यदि मानवले नै आफू जस्तै मानव कृत्रिम तरिकाले उत्पादन गर्न थाल्यो भने ऊ पनि भगवानभन्दा कम भएन जसले माथिको भनाइलाई गलत सावित गर्छ। यसको अर्थ मानिसले आफू जस्तै क्षमताको कृत्रिम मष्तिष्कहरु उत्पादन गर्न सक्दैन। जसरी एआईमैत्री मेसिनले अरु मेसिन जन्माउन सक्दैन त्यसरी नै मानिसले कृत्रिम तरिकाले आफू जस्तै अर्को मानिस वा मानिस जस्तै इन्टेलिजेन्ट र जैविक मष्तिष्क जस्तै सोच्ने र काम गर्ने मेसिन उत्पादन गर्न सक्दैन।

लागूऔषधसहित पक्राउ

विराटनगर, असार २५। मोरङ र धनकुटाबाट लागूऔषधसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ।

विशेष सूचनाको आधारमा मोरङको इलाका प्रहरी कार्यालय लेटाङबाट खटिएको प्रहरी टोलीले लेटाङ नगरपालिका-६ का ३२ बर्षीय अभिषेक मगर र २४ बर्षीय बाराक लिम्बूलाई पाँच ग्राम ९४ मिलिग्राम ब्राउनसुगरसहित नियन्त्रणमा लिएको छ।

त्यसैगरी जिल्ला प्रहरी कार्यालय धनकुटाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा को १९ प ९८७७ नम्बरको मोटरसाइकल चालक साँगुरीगढी-९ का २६ बर्षीय लक्ष्मण राईलाई १२ किलोग्राम गाँजासहित पक्राउ गरेको छ। लागूऔषधसहित पक्राउ परेका उनीहरुको थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ।

डुबेर बालकको मृत्यु

झापा, असार २५। झापा गाउँपालिका-२ स्थित सानो माई खोलामा डुबेर एक जना बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा झापा गाउँपालिका-२ का रहमान आलम मियाका छोरा ३ वर्षीय छोरा दिलसाद आलम मिया रहेका छन्।

खोलामा खेल्ने क्रममा पानीमा डुबेर घाइते भएका उनको उपचारको क्रममा कन्काई अस्पताल सुरुङ्गामा मृत्यु भएको हो। घटना सम्बन्धमा जिल्ला प्रहरी कार्यालय झापाबाट थप अनुसन्धान भइरहेको बताइएको छ।

झापामा नेपाल–भारतका सुरक्षा निकायबीच सीमा बैठक

झापा, असार २५। नेपाल-भारतबीच सीमा सुरक्षा सम्बन्धी छलफल भएको छ।

भद्रपुर-८ स्थित सशस्त्र प्रहरी बल, नेपाल नं.२ गण हे. क्वा. झापामा जिल्ला प्रशासन कार्यालय झापाले इन्डो नेपाल बोर्डर कोअर्डिनेटर कमिटीको बैठक आयोजना गरेको थियो।

बैठकमा विपद् व्यवस्थापन, सीमा तथा सीमा स्तम्भ, दशगजामा लगाएको खेतीबाली हटाउने, सीमा अपराध, लागू औषध नियन्त्रण, अपराधीहरूको सेल्टर पहिचान, मानव बेचबिखन तथा ओसारपसार, सीमापार अवैध बसाइँसराई, अवैध चोरी निकासी/पैठारी तथा अन्य समसामयिक विषयमा छलफल भएको थियो।

कार्यक्रममा झापाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बाँस्तोला, सहायक प्रमुख जिल्ला अधिकारी विश्वराज नेपाल, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक मिलन केसी, नं.२ गण हे.क्वा. झापाका गणपति सशस्त्र प्रहरी उपरीक्षक कवीन्द्र राई, जिल्ला वन कार्यालय झापाका प्रमुख मेघराज राई, जनताको तटबन्ध कार्यालय झापाका इञ्जिनियर यादव बराल सहभागी थिए।

त्यस्तै भारतका तर्फबाट जिल्ला किसनगञ्जका आइएएस डिस्ट्रिक्ट मजिस्ट्रेट तुषार सिंग्ला, किसनगञ्जका पुलिस सुपरिटेन्डेन्ट सागर कुमार, किसनगञ्जका एडिसनल डिस्ट्रिक्ट मजिस्ट्रेटे अमेरेन्द्रकुमार पङ्कज लगायतको उपस्थिति रहेको थियो।

साहित्य चौतारीले २५औं वार्षिकोत्सव मनाउँदै

बिर्तामोड, असार २५। साहित्य चौतारी झापाले आगामी असार ३१ गते २५औं वार्षिकोत्सव मनाउने भएको छ।

रजत वर्ष महाअभियान अन्तर्गत २११औं भानुजयन्तीसहित विभिन्न कार्यक्रम आयोजना गरी चौतारीले वार्षिक उत्सव मनाउन लागेको हो।

२०५६ सालमा साहित्य चौतारी स्थापना भएको थियो। साहित्य, संगीत र कलाको माध्यमबाट सामाजिक रूपान्तरण र जागरणको अभियानमा साहित्य चौतारीले स्रष्टा र सर्जकहरुलाई गोलबद्ध गरी संरक्षण र अवसर प्रदान गर्दै आएको छ।

साहित्य चौतारीका संस्थापक संरक्षक एवम् अध्यक्ष देवीभक्त श्रेष्ठले साहित्य, संगीत, भाषा, कला र संस्कृतिको क्षेत्रमा अविच्छिन्न सेवारत विभिन्न व्यक्तित्वलाई रथारोहण र अभिनन्दनसहित बिर्तामोडको इन्द्रेणी ब्याङ्क्वेटमा वार्षिकोत्सव मनाइन लागेको बताए।

चौतारीले गायन प्रतिभाकी धनी शान्ति ठटाल, भाषाविद् चूडामणि रेग्मी, नेपाली पत्रकारिता क्षेत्रका सिद्धहस्त व्यक्तित्व नकुल काजी र लोक सम्राट एलपी जोशीलाई रथारोहण गराउने भएको छ। कार्यक्रममा विभिन्न व्यक्तित्वलाई अभिनन्दन गरिने छ।

पूर्व कुलपति गङ्गाप्रसाद उप्रेती, संस्कृति विज्ञ डा.जगमान गुरुङ, संगीत तथा नाट्यकला प्रतिष्ठानका पूर्व सदस्य सचिव प्राज्ञ गणेश रसिक, प्राध्यापक डाक्टर टंक न्यौपाने र गंगाप्रसाद अधिकारी, साहित्यकार कुन्ता शर्मा, अनुराधा थापा, बिक्रम श्री, प्रतिष्ठानका उपकुलपति गायक तथा संगीतकार शम्भु राई र कवि मनु मञ्जिललाई अभिनन्दन गर्न लागिएको हो।

ललितकला प्रज्ञा प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीको प्रमुख आतिथ्य र लेखक निर्माता निर्देशक प्रकाश सायमीको विशेष आतिथ्यमा आयोजना गर्न लागिएको कार्यक्रममा साहित्य चौतारीका सह संरक्षक जितु गौतम, पूर्व अध्यक्षहरू शिवशंकर थापा, केशव आचार्य, टङ्क विकल्प, हस्त परियार लगायतलाई सम्मान गर्ने कार्यक्रम छ।

संस्थाका सल्लाहकार राजेन्द्र संग्रौलाको सम्पादनमा रजत विशेषाङ्क समेत प्रकाशनको तयारी गरिएको छ। करिब ४०० पृष्ठको विशेषाङ्क चार खण्डमा विभाजित रहेको संग्रौलाले बताए। रजत वर्षका गतिविधिलाई समेत समेटेर विशेषाङ्क प्रकाशित हुनेछ। रजत वर्षका अवसरमा राष्ट्रव्यापी कविता प्रतियोगिता पनि आयोजना गरिएको साहित्य चौतारीका सचिव गौरव श्रेष्ठले बताए।

प्रतियोगिताका लागि १० वटा कविता छनौट भएका छन्। कार्यक्रममा ती कविता वाचन हुने र उत्कृष्टलाई पुरस्कृत गर्ने सचिव श्रेष्ठले जानकारी दिए। कार्यक्रममा छिमेकी राष्ट्र भारतबाट समेत नेपालीभाषी साहित्य, संगीत र कलाका मूर्धन्य व्यक्तित्वहरूको सहभागिता रहने बताइएको छ।

पाँच वर्षीया बालिकालाई एच–५ एन–१ बर्डफ्लू

झापा, असार २५। दक्षिणी कम्बोडियाको टेकेओ प्रान्तकी ५ वर्षीया बालिकामा एच-५ एन-१ बर्डफ्लूको अर्को मानव केस पुष्टि भएको छ।

सन् २०२४ को शुरूदेखि हालसम्म सङ्क्रमितको संख्या सात पुगेको स्वास्थ्य मन्त्रालयको विज्ञप्तिमा उल्लेख छ। 'बिरामीलाई ज्वरो आएको छ, उनको काकाको ३ वर्षीय छोरालाई जुलाई ५ मा भाइरसबाट सङ्क्रमित पाइएको थियो' -दुवै पीडित किरी भोङ जिल्लाको पोउ गाउँमा एउटै घरमा बस्ने गरेको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ- 'बालिका बिरामी हुनुभन्दा करिब १० दिनअघि गाउँमा कुखुरा र हाँसहरु मरेका थिए र बिरामीको परिवारले मरेका ती कुखुरा र हाँस पकाएका थिए भने बिरामीको मृत कुखुरासँग प्रत्यक्ष सम्पर्क थियो।'

यस वर्ष अहिलेसम्म एच-५ एन-१ बर्डफ्लूका सात वटा मानव केसमा एक वयस्कसहित छ जना बालबालिका थिए। यसमध्ये एक जनाको मृत्यु भएको थियो।

एच-५ एन-१ इन्फ्लुएन्जा एक फ्लू हो जुन सामान्यतयाः बिरामी कुखुराको बीचमा फैलिन्छ। तर, यो कहिलेकाहीँ कुखुराबाट मानिसमा फैलिन सक्छ र यसका लक्षणहरूमा ज्वरो, खोकी, नाक बग्ने र गम्भीर श्वासप्रश्वास सम्बन्धी समस्या देखिन्छ।

बर्डफ्लूले अझै पनि मानिसको स्वास्थ्यमा विशेषगरी बालबालिकाका लागि खतरा रहेको मन्त्रालयले मानिसहरूलाई बिरामी वा मरेको कुखुरा नखान आग्रह गरेको छ।

सन् २००३ देखि हालसम्म एच-५ एन-१ इन्फ्लुएन्जासँग मानव सङ्क्रमणका ६९ घटना रहेका थिए। यसमा कम्बोडियामा ४२ जनाको मृत्यु भएको मन्त्रालयले जनाएको छ।

व्यावसायिक योजना निर्माण सम्बन्धी अन्तरक्रिया

बिर्तामोड, असार २५। वीरता लेडी जेसीजले व्यवसायिक योजना निर्माण सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरेको छ।

राजनीतिक व्यक्तित्व जलकुमार गुरुङको प्रमुख आतिथ्यमा लेडी जेसीजले व्यवसायिक योजना निर्माण सम्बन्धी कार्यक्रम आयोजना गरेको हो। आफ्ना सदस्य र शुभेच्छुकलाई व्यावसायिक योजना निर्माणमा सघाउने उद्देश्यले अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको वीरता लेडी जेसीज सन् २०२४ की अध्यक्ष मेनुका ओलीले बताइन्।

लेडी जेसीजकी पूर्व अध्यक्ष पार्वता बिमलीको विशेष आतिथ्यमा आयोजित कार्यक्रम तारा बस्नेतको संयोजकत्वमा सम्पन्न भएको हो।

कार्यक्रममा सञ्चारकर्मी भीमा शिवाकोटीले व्यवसायिक योजना निर्माणमा सहजीकरण गर्दै सीप तथा क्षमताको विकासमा जोड दिएकी थिइन्।

पूर्व अध्यक्ष संगीता गिरीले औचित्यमाथि प्रकाश पारेको कार्यक्रमको सञ्चालन सहसचिव एलिना रिजालले गरेकी थिइन्।

अक्षयकोष स्थापना

दमक, असार २५। दमक बहुमुखी क्याम्पसमा शैक्षिक वृद्धि विकासमा सहयोग पुऱ्याउने उद्देश्यले रु. एक लाख ५० हजार पाँच सय ५५ को अक्षय कोष स्थापना गरिएको छ।

क्याम्पस सञ्चालक समितिकी उपाध्यक्ष रीता बस्नेत श्रेष्ठले स्व. ससुराबुवा इन्द्रबहादुर श्रेष्ठको स्मृतिमा रु. एक लाख ५० हजार पाँच सय ५५ को कोष स्थापना गरेका हुन्।

क्याम्पसका पूर्व कर्मचारी हरिकृष्ण तिम्सिनाले आफ्ना मातापिताको सम्झनामा रु. ५१ हजार राशिको स्वर्गीय नरपति-विष्णुमाया तिम्सिना स्मृति अक्षय छात्रवृत्ति कोष स्थापना गरेको क्याम्पसका प्रशासन प्रमुख पदम घिमिरेले जानकारी दिए।

क्याम्पसको वातावरण सेलले आयोजना गरेको वृक्षरोपण कार्यक्रममा क्याम्पस प्रमुख यज्ञराज गिरी, वातावरण सेलका संयोजक वासुदेव काफ्ले, स्ववियु सचिव दीपक लिम्बू, स्ववियु सदस्य सञ्जय राई, क्याम्पसका प्राध्यापक, विद्यार्थी लगायतको उपस्थिति थियो।

ताजा र विश्वसनीय समाचारका लागि
www.purwanchaldaily.com
लगइन गरौं।

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **रामो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*

सम्पर्कः दमक, सुरङ्गा, बिर्तामोड, काँकरभिट्टा, भद्रपुर
देवराज गिरी ९७०६१९६४०६ ९८४२०७०५८६
विशाल हरिजन ९८१४९१७७११ ९८४२७३३६१२

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२
९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

हकदावी गर्न आउने बारेको सूचना

यस कार्यालयमा मिति २०७४/०४/१८ मा दर्ता भएको प्रा. लि. नं. १७२३०९ को ए. जे. ग्रुप अफ कम्पनी (प्रा.लि.) नामक कम्पनीको खारेजी गर्ने कम्पनीको मिति २०८१/०२/१५ को विशेष साधारणसभाको निर्णय भएको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाणसहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दाबी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिने छ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०८१/०३/२६

यस कम्पनीको मिति २०८१/०२/२१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साबिकको कम्पनी चिराग अनमोल निर्माण एण्ड सप्लायर्स प्रा. लि. (प्रा. लि. नं. १७१२५९) को नाममा रहेको सम्पूर्ण चलअचल सम्पत्ति तथा तिर्न व्यहोर्नुपर्ने ऋण, धन, कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने, व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०२/३१ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी फुड फाइन्डर फर यु प्रा. लि. कायम गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्याराइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

बराल ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-जितपुर-मंगलबारे
दैनिक सेवा
रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्

छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे

सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१६९४०१७३
मे १ ज १६७०

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ।

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ।
Youtube Channel : Nishat M jotic kendra

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जानेछ, मन खिन्न रहला।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - पती, पत्नीबीच थोरै वादविवाद बढ्न सक्छ, समयमै विचार पुऱ्याउनुहोला, सन्तान पक्षबाट सुख मिल्नेछ, सतर्क रहनुहोला।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा बेमेलको स्थिति रहला, कुरा काट्नेहरू बढेर जाने छन्, सजग रहनुहोला।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - व्यापार-व्यवसायमा लाभदायक योग छ, मिष्ठान्न भोजन हुनाले मन प्रशन्न रहला, अचिताएको ठाउँबाट लाभ हुनेछ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - मनमा खटपटी पैदा हुने समय रहेको छ, कार्यसिद्धीमा बाधा अड्चन आउने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्या हुनेछ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) - कार्यसिद्धिहुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, भाग्यले साथ दिनेछ, पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा जादजिजादको योग रहेको छ, सतर्क रहनुहोला।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, आज बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुने देखिएको छ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - अनावश्यक खर्च गर्नुपर्नेछ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ खानपानमा ध्यान पुऱ्याउनुहोला।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - विपरीत लिङ्गीसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ।